# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## नार्पा भूमि गाउँपालिका
## मनाङ

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

नार्पा भूमि गाउँपालिका

मनाङ

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## नार्पा भूमि गाउँपालिका

## मनाङ

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१, जेठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
गण्डकी, प्रदेश

मितिः२०८१।०२।१३

प.सं. २०८०।८१

च.नं. १८

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

नार्पा भूमि गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

मनाङ ।

१. **कैफियत सहितको राय** — हामीले गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. १९ लाख ३ हजार बेरुजू देखिएको छ । जसमा असुल गर्नुपर्ने रू. ३ लाख ६० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ८ लाख र नियमित गर्नुपर्ने रु. ७ लाख ४३ हजार रहेको छ । गाउँपालिकाको गतवर्ष सम्म रु. ५ करोड ४६ लाख ६२ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ५ करोड ६५ लाख ६५ हजार रहेको छ । गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

जयराम घिमिरे

**नायब महालेखापरीक्षक**

नार्पा भूमि गाउँपालिका,

मनाङ जिल्ला,

**१. चालु वर्ष २०७९।८० को बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)**

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| २६ | १२ | १९०३ | ० | ० | ० | २६ | १२ | १९०३ | ३६० | ७४३ | ८०० | ० | ० | १५४३ | ० |

**२. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)**

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| नार्पाभूमी | ५४६६२ | ० | ० | ५४६६२ | ० | १९०३ | ५६५६५ |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

१ **परिचय**

**(क) कार्यालय परिचय -** संघ, प्रदेश एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाइ प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु पालिकाको मुख्य उद्देश्य छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा

प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०५।३१ देखि २०८०।०६।०४ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** जम्मा रु. १६ करोड ३६ लाख ५८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **क्षेत्रगत वजेट खर्च -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ५९०० | १५८७ | ०.०२ |
| २ | पूर्वाधार विकास | ११४०५० | ७२३३६ | ८८.६७ |
| ३ | सामाजिक विकास | ८६०० | ६६३३ | ८.१३ |
| ४ | बातावरण तथा विकास | ० | ० | ० |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ३०० | ० | ० |
| ६ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १२५१ | १०१७ | ०.०१२ |
| जम्मा | | १३०१०१ | ८१५७५ | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये पूर्वाधार विकासमा सबैभन्दा बढी ८८.६७ प्रतिशत र आर्थिक विकासमा र कार्यालय सञ्चालन मा सबै भन्दा घटीमा ०.०१२ प्रतिशत रहेको छ ।पालिकाले समन्यायिक हिसाबले खर्च गर्ने पद्दतिको विकास गर्नुपर्दछ ।

३ **त्रैमासिक पुंजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च(रु हजारमा ) | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुंजीगत खर्चतर्फ | ८१५७५ | ५०० | १७८६८ | १०१४ | ६३२०६ | ६०७०१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| प्रतिशत | १०० | ०.०००८ | २१.९१ | ०.०१३ | ७७.४८ | ७४.४१ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१३,०१,०१,०००।०० निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.५००(०.००८ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.१७,८६८ (२१.९१प्रतिशत) र तेस्रो त्रैमासिकमा रु.१०१४ (०.०१३प्रतिशत) र चौथौ चौमासिकमा रु.६३,२०६ (७७.४८ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.६०,७०१(७४.४१प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

४ **वजेट निर्धारण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

५ **वजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

६ **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

७ **सुत्र वाहेकको खर्च -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको

लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.४२,०२,२४१।०० एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको कार्यक्रमनै भएन सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

८ **खर्च विश्लेषण -** पालिकाले यसवर्ष कुल आन्तरिक आय रु.६,०५,८८६ राजस्व बाँडफाँड र अनुदानबाट रु.१७,५७,७८,१४०.४४ समेत रु.१८,२७,१९,६७० आम्दानी भएकोमा चालु तर्फ रु. ५,२४,१३,०७३ र पूँजिगत तर्फ रु. ८,१५,७५,४४८ समेत कुल रु.१६,३६,५८,७३७ खर्च गरेको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.००३७ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.५७,११,५००।०० खर्च भएको छ जुन आन्तरिक आयको ९४२.६६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५३.७५ प्रतिशत चालु र ४६.२५ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

९ **आन्तरिक नियन्त्रण पद्धति-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणालीका लागि खर्च मापदण्ड तयार गरि लागु गरेको पाईयो । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन,२०७४ बमोजिम प्रत्येक बर्ष आषाढ भित्र बजेट पारित गर्नुपर्नेमा यस पालिकाले २०७९ असार १० मा नै बजेट पेश गरेको छ ।

• गाउँपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गर्नुपर्ने ।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै आय कम्प्युटर प्रणाली मार्फत गर्ने कार्यलाई अगाडि बढाउनुपर्ने देखिएको।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको छैन।मध्यकालिन खर्चको संरचना तयार गर्नुपर्ने ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने देखिएको ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर

राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्ने ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्नुपर्ने देखियो ।

• सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने ।

• गाउँपालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने ।

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गर्नुपर्ने ।

• वडा तथा शाखाहरूवाट विभिन्न वैठकहरु वसी भत्ता भुक्तानी गरेकोमा वडा तथा शाखागत वैठकको निर्णय अध्ययन गर्दा अधिकांशमा वैठकको स्पष्ट कार्यविधि नभएको तथा केहीमा महत्वपुर्ण निर्णय नभएको तर वैठक भत्ता भुक्तानी गरेकोमा यसलाई सुधार गर्नुपर्ने देखिएको ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाइ व्यवस्थित गर्न लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा गठन नभएको कारण संस्थागत सुशासनको स्थितिको वारेमा मुल्यांकन गर्न सक्ने स्थिति नभएकोले उक्त समिति गठन गर्नुपर्ने ।

,

•सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३४ मा गाउँपालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण राख्नुपर्ने देखिएको ।

• आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था रहेकोमा स्थानीय तह अन्तरगतका वडाहरुले कतिपयले पन्ध्र दिन, महिना दिन र कतिपयले २ देखि ३ महिना पछि मात्र दाखिला गर्ने गरेकोले यसलाई नियमीत बनाउनुपर्ने देखिएको।

• स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गरेको अभिलेख राख्नुपर्ने ।

• तसर्थ यसलाई आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ, ।

१० **कानून तर्जुमा र कार्यान्वयन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्य विधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ ।जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४२ नमूना कानूनहरू बनाई उपलब्ध गराएकोमा यस गाउँपालिकाले हालसम्म १८ वटा ऐन, ६ वटा नियमावली, १९ निर्देशिका तथा कार्यविधि लगायत ४३ वटा कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । साथै गाउँपालिकाले १८ वटा कानूनहरू निर्माण गरी कार्यपालिकाबाट स्वीकृत गरी उक्त कानूनहरू राजपत्रमा प्रकाशन गरेको छैन् । उक्त कानूनहरू राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

११ **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरे बमोजिमको समितिमा परेको उजुरीको फर्छ्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्ने व्यवस्था छ । तर पालिकामा यस वर्ष कुनैपनि मुद्धा नपरेको र एकपटक पनि न्याय समितिको वैठक वसेको देखिदैन । तसर्थ पालिकाले न्याय समितिलाई सक्रिय वनाउनुपर्दछ ।

१२ **जिन्सी व्यवस्थापन** -

१२.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।यस पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार पारेको छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख गरेबमोजिमको मर्मत र लिलामी लगाएतका कार्य नगरेको देखियो ।नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

१२.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

१३ **वजेट तथा योजना कार्यान्वयन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।

| क्र. सं. | विवरण | योजना संख्या |
|---|---|---|
| १ | रु १ लाख भन्दा कमको योजना | ० |
| २ | रु एक लाख एक देखि पाँच लाख सम्मका योजना | ९ |
| ३ | रु ५ लाख देखि १० लाख सम्मका योजना | १९ |
| ४ | दश लाख एक देखि ५० लाख सम्मा योजना | १६ |
| ५ | ५० लाख भन्दा माथिका योजनाहरु | ७ |
| | जम्मा | ५१ |

१४ **प्रशासकीय व्यवस्थापन -**

१४.१ **तलवी प्रतिवेदन** - निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ८ कर्मचारीको रु. ४६ लाख, ९ हजार ४ सय २८ शिक्षातर्फ शिक्षकहरुको रु ५५लाख ७४ हजार ८ सय ४ र पालिकाका २५ कर्मचारीको रु १ करोड ३१ लाख ५५ हजार ७ सय १८ समेत रु. १ करोड ९१ लाख ९९ हजार ९ सय ५० खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१४.२ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी

कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरेको देखिदैन । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले बनाएको दरबन्दी तेरिज अनुसार प्रमुख प्रशासकीय अधिकृत सहित ४१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १५ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित २६ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु पदपूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१५ **अनुगमन भ्रमण खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ बमोजिम सरकारी रकम खर्च गर्दा मितव्ययि तवरले खर्च गर्नुपर्दछ ।यस पालिकाले यस वर्ष अनुगमन भ्रमण शिर्षकमा विभिन्न जनप्रतिनिधी तथा कर्मचारी द्धारा रु १९ लाख ७८ हजार ९ सय २५ खर्च गरेको देखिन्छ । अनुत्पादक तथा फजुल खर्च गर्नाले पालिकाका आर्थिक सामाजिक एवं विकासजन्य क्रियाकलापमा नकारात्मक असर पर्ने देखिन्छ तसर्थ पालिकाले यस्ता खर्चमा मितव्ययिता अपनाउनु पर्दछ ।

| क सं | गो भौ नं | मिति | रकम |
|---|---|---|---|
| १ | ४० | २०७९।७।३ | २८०८२७ |
| २ | ६४ | २०७९।८।२३ | ९८११० |
| ३ | ६१ | २०७९।८।२५ | ३३१२० |
| ४ | ८१ | २०७९।८।२७ | २७००० |
| ५ | ८७ | २०७९।८।२७ | २०००० |
| ६ | १०९ | २०७९।११।२९ | ६७१०० |
| ७ | १४२ | २०७९।१२।२१ | ३४९०९३ |
| ८ | १५५ | २०७९।१२।२४ | ७००००० |
| ९ | १७३ | २०८०।१।१७ | १८३६७५ |
| १० | १७९ | २०८०।१।२० | १६८०० |
| ११ | २२० | २०८०।३।१ | १९३२०० |
| १२ | २२८ | २०८०।३।३ | १०००० |
| | जम्मा | | १९७८९२५ |

१६ **दोहोरो सुविधा** – गाँउसभा, नगरसभा र जिससका सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ को दफा ४ मा पालिकाका पदाधिकारिले हलुका सवारि साधन सुविधा पाउने व्यवस्था रहेको छ साथै त्यस्तो साधन प्रयोग गर्दा इन्धन सुविधा पाउने व्यवस्था रहेको छ । यस पालिकाका निम्नानुसार पदाधिकारीले सवारी साधन सुविधा पाउदा पाउदै पनि यातायात सुविधा वापतको रकम बुझेको देखिन्छ ।यसरि नियम विपरित लिएको यातायात सुविधा असुल गर्नुपर्ने रकम रु

| क्र सं | नाम थर | पद | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | कोन्जो तेन्जिङ लामा | अध्यक्ष | १४४००० | एक वर्षको |
| २ | मिङमार फुन्चो लामा | उपाध्यक्ष | १४४००० | एक वर्षको |
| ३ | फुर्पा ठेले लामा | १ नं वडा अध्यक्ष | १८००० | एक वर्षको |
| ४ | फुन्चोक वाङगे लामा | २ नं वडा अध्यक्ष | १८००० | एक वर्षको |
| ५ | लाक्पा छसाङ लामा | ३ नं वडा अध्यक्ष | १८००० | एक वर्षको |
| ६ | सोनम तेजे लामा | ५ नं वडा अध्यक्ष | १८००० | एक वर्षको |
| जम्मा | | | ३६०००० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,६०,००० |

१७ **पेश्की माथि पेश्की-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ वमोजिम कुनै व्यक्ति संस्था वा निकायलाई कुनै कार्य गर्दा पेश्की माथि पेश्की दिन नहुने व्यवस्था छ । गांउपालिकाको स्वास्थ्य शाखा संयोजक स्वास्थ्य पाँचौ सोनाम छोटे घलेले संघीयतर्फको कार्यक्रम संचालनको लागि पटक पटक पेश्की माथि पेश्की लगेको छ । स्वास्थ्य कार्यक्रम जस्तैः राष्ट्रिय महिला स्वास्थ्य स्वयंमसेविका कार्यक्रमको लागि रु ४,६४,६४०।००, आँखा नाक कान घाँटी स्वास्थ्य अभिमुखीकरण कार्यक्रमका लागि रु ९५,०००।००, पालिका स्तरमा स्वास्थ्य संस्थाको मासिक वैठक रु १,०१,२५०।०० विभिन्न सरुवा रोग कार्यक्रमको लागि रु १,२४,६५०।००, क्षयरोग खोजपड्ताल कार्यक्रमका लागि रु ५५,०००।००, विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रमका लागि रु ७५,०००।००, प्रजनन रुग्णता स्वास्थ्य सेवा कार्यक्रमका लागि रु ८०,०००।००, पोषण कार्यक्रमका लागि रु २,०८,९६४।००, स्वास्थ्य सेवा केन्द्रको न्यूनतम सेवा मापदण्ड कार्यक्रमका लागि रु १,२३,८२६।००, विभिन्न सरुवा रोगका लागि रु १,२४,६५०।०० तथा अन्य कार्यक्रमका लागि गरी जम्मा रु २६,३१,९१०।०० खर्च गरेको छ । उक्त ७ कार्यक्रमका लागि निज सोनाम घलेले २०७९।०७।०३ मा एकैचोटी पेश्की लिएको छ। नियमानुसार एउटा कार्यक्रम सम्पन्न भएपछिमात्र अर्को पेश्की लिनुपर्ने प्रावधान छ ।तर त्यसो नभई एकैपल्ट पेश्की एउटै व्यक्तिले लिंदा कामको गुणस्तर नहुने मितव्ययी ढंगले खर्च हुन नसक्ने तथा पेश्की लिंदा स्वास्थ्यका अन्य कर्मचारीलाई समेत जिम्मेवारी दिई उनीहरुमार्फत गराउने र संयोजन गर्ने कार्य संयोजकले गर्ने व्यवस्था मिलाउनुपर्दछ । यस

नार्फाभूमि गांउपालिकाको जनसंख्या जम्मा ३९६ रहेको अवस्थामा यसवर्ष कार्यक्रम तर्फ मात्रै रु २६ लाख ३१ हजार खर्च हुनु त्यति सान्दर्भिक देखिएन । त्यस्ता खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ ।

१८ **सामाजिक सुरक्षा** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले नेपाल बैङ्क लिमिटेडमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ। यस वर्ष पालिकाले रु ४२ लाख २ हजार २ सय ४१ सामाजिक सुरक्षा वितरण गरि २ लाख ५९ हजार ७ सय ५९ संघीय संञ्चित कोषामा फिर्ता गरेको छ ।

१९ **कृर्षी अनुदान** - यस वर्ष पालिकाले कृषि कार्यक्रम तर्फ रु ९,२०,६४६।०० खर्च गरेकोमा खर्च भएको रकमको अनुगमन प्रतिवेलन र अनुदान वितरणबाट रोजगारी, उत्पादकत्व, राजस्व योगदान र नमुना तथा उत्प्रेरणाको कार्य भए नभएको साथै कार्यक्रमको उपादेयता तथा निरन्तरता भए नभएको सुनिश्चितता गर्नुपर्दछ ।

२० **सोझै खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ उपनियम (१) ख मा एक आर्थिक वर्षमा एउटै प्रकृतिको काम टुक्रा पारि (२०७८ चैत्र भन्दा अगाडि ५ लाख र चैत्र भन्दा पछाडि १० लाख सम्म सोझै खरिद गर्न सक्ने) उल्लेखित रकमको सिमाभन्दा बढि रकमको निर्माण कार्य गर्न नपाईने व्यवस्था छ पालिकाले विभिन्न मितिमा फर्निचर,फर्निसिङ मा मात्रै यस वर्ष प्रतिस्पर्धालाई सिमित बनाई देहायका संस्थाबाट विभिन्न समयमा सोझै खरिद गर्नु नियमसंगत नदेखिएकोले नियमित गर्नुपर्ने ।

| भौचर नं | खरिद मिति | खरिद गरेको संस्था | रकम |
|---|---|---|---|
| ६९।७८ | २०८०।०३।०९ | डि एफ स्टोर(फर्निचर ) | ६३७००० |
| ५८ | २०८०।०२।३१ | मञ्जरी कन्सट्रक्सन(फर्निचर) | ४०७८६२ |
| ५४ | २०८०।०१।२० | ओलिम ईण्टरप्राईजेज | ९७३३२५ |
| ४२ | २०७९।०९।१० | सरिना फर्निचर | ५३२२३ |
| २४५ | २०८०।०३।०८ | क्वालिटी फर्निचर | ९०४३२९ |
| २५३ | २०८०।०३।०९ | सरिता फोम ईण्टरप्राईजेज | २२६४९७ |
| | | जम्मा | ३२०२२३६ |

२१ **अधुरो योजना** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिशपर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ८

देखि ०.२६ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र.सं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | वागल खानेपानी योजना | ०५।७९।८० | के वि गुरुङ कन्सट्रक्सन | ४९१३३८२ | ४९००४४२ | ०.२६ |
| २ | भाल्टे खोला आर सि सि | ०१।७९।८० | चुङ काङ निर्माण सेवा | ५२३१६४८ | ४७९७०१३ | ८.३१ |

२२ **विमा -**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट वीस लाख रुपैया भन्दा वढी मुल्यको निर्माण कार्य गराउंदा सम्झौता रकममा वीमा वापतको खर्च व्यहोर्ने रकम समावेश गरी सोही रकमवाट उपभोक्ता समिति तथा लाभग्राही समुदायले वीमा गराउनुपर्नेछ भनी उल्लेख छ । तर यस वर्ष कार्यालयले निम्न लिखित योजना कार्यान्वयन गर्दा अनिवार्य विमा सम्वन्धी प्रावधान नराखी सम्झौता गरेको छ । नियमावलीमा भएको व्यवस्थालाई अनिवार्य रुपमा पालना गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| गो भौ नं र मिति | योजनाको विवरण | सम्झौता रकम |
|---|---|---|
| ११४ २०८०।३।२२ | नार गांउमा ढलान वाटो | २२१८७४६ |
| १२४ २०८०।३।२३ | कोतो च्याखु सडक | ४६८३८६४ |
| १२३ २०८०।३।२३ | नाम्गे पर्यटन वाटो | ३१६९८९९ |
| जम्मा | | १००७२५०९ |

२३ **गुरुपार्क निर्माण -** गाउँपालिकाको कार्यालय माथि गुरुपार्क निर्माण कार्यका लागि रु.१५ लाख लागत अनुमानमा निर्माण गर्ने प्रयोजनको लागि सिभिल वर्क कार्यको लागत ईष्टिमेट रु. ७ लाखको तयार गरेकोमा वांकी कार्य १५ फूट वुद्धको मूर्ति निर्माणकार्यका लागि मूर्तिकारको लागि प्रति फिट १ लाखको दरले सम्झौता गरी कार्य गराएको छ । मूर्ति वनाउने कार्य जिल्ला दररेटमा रेट नभएपनि उक्त कार्यको लागि कोटेशन मार्फत

प्रतिष्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा सिधै खरिद गरेको र वांकी कार्यको कार्यस्वीकार प्रतिवेदन समेत नभएकोले नियमसम्मत मान्न नसकिने(गो.भौ.नं ४५। २०७९।०९।१२ वाट भुक्तानी भएको) देखिएकोले नियमित गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,००,००० |

२४ **आनुपातिक कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिंदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्याङ्कन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएकोले नियमसम्मत नदेखिएकोले नियमित गर्नुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ७,४३,१९७ |

**(विस्तृत विवरण बेरूजु दफा २४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२५ **लागत सहभागिता -** पालिकावाट यस वर्ष सञ्चालित कूल ४५ योजना मध्ये ७ वटा ठेक्का व्यवस्थापनवाट भएकोमा ३८ वटा योजना उपभोक्ता समितिवाट कार्य गरेको छ । पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

२६ **वक्यौता व्यवस्थापन -** पालिकाले पालिकाको कार्यक्षेत्रभित्रवाट असुल गर्नु पर्ने राजस्व बक्यौताको अभिलेख लगत अद्यावधिक राखेको छैन । वार्षिक रुपमा कति राजस्व असुल हुनुपर्ने हो त्यसको लगत अद्यावधिक गरेको छैन । पालिकाको मुख्य राजस्व हिमाली भेगमा पाईने जटिवुडी यार्सागुम्वाको राजस्व प्राप्त हुन सक्ने अथाह सम्भावना भएको तर उक्त क्षेत्रको राजस्व एक्याप क्षेत्रले उठाउने हुंदा पालिकाको राजस्व न्युन भएको छ । स्थानीय तहको अधिकार क्षेत्रको अधिकतम प्रयोग गर्ने तर्फ नीतिगत व्यवस्था मिलाउनुपर्दछ ।

२७ **लक्ष्य तथा प्रगति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ० | ० | ० |
| घरजग्गा वहाल कर | १००००० | ० | ० |

| | | | |
|---|---|---|---|
| व्यवसाय कर | ० | ० | |
| वहाल विरौटी शुल्क | ० | ० | |
| अन्य | ५००००० | ६०५८८६ | |
| जम्मा | ६००००० | ६०५८८६ | १०० |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

२८ **करको दायरा -** पालिकाले व्यवसाय दर्ता, संचालन, नवीकरण शुल्कको दर, असुली तथा दाखिला भिडान गरेको छैन नक्सापास दस्तुर, निर्माण सम्पन्न, ईजाजात शुल्क, घ वर्गको निर्माण लाईसेन्स वितरण शुल्क असूली तथा दाखिलाको अवस्था र करदाताको विवरण अद्यावधिक गरेको छैन । करको दायरा विस्तार गरी राजस्व वढोत्तरीमा ध्यान दिनुपर्दछ ।

**अनुसूचीहरू**

**अनुसूची - १**

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान: नार्पा भूमि गाउँपालिका, मनाङ

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | महेश पाख्रिन | २०७८-१२-२८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | खिल बहादुर कुमाल | २०७९-१-९ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३६०,००० | ७४३,१९७ | ८००,००० | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १,९०३,१९७ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १,९०३,१९७ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ९०३२६६११.६७ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | १२७८८९१७८ | **चालु खर्च** | ५२४१३०७३.६६ |
| **प्रदेश सरकारबाट अनुदान** | ११०६८००० | **पूँजीगत खर्च** | ८१५७५४४८.५६ |
| **राजश्व बाँडफाँट** | ३६८२०९६२.४४ | **वित्तीय/अन्य व्यवस्था** | २९६७०२१५.५१ |
| **आन्तरिक आय** | ६०५८८६.० | | |
| **अन्य आय** | ६३३५६४४.५ | | |
| **कुल आय** | १८२७१९६७०.९४ | **कुल खर्च** | १६३६५८७३७.७३ |
| **बाँकी मौज्दात** | | १०९३८७५४४.८८ | |

**बेरूजु दफा २४ सँग सम्बन्धित विवरण - अनुसूची -३**

| गोभौनं./मिति | उपभोक्ता समिति र काम | सम्झौता रकम | कार्य सम्पन्न रकम | घटी कार्य | उपभोक्ताले व्यहोर्ने % | घटी अनुपातिक कट्टी रकम |
|---|---|---|---|---|---|---|
| १००।२०८०।०३।२१ | क्याङ्ग गुम्वा निर्माण | १०५६६९१ | ६६६१४५ | ३९०५४६ | १० | ३९०५४ |
| १०१।२०८०।०३।२१ | नयाँ फू सामुदायिक गुम्वा रंगरोगन | १५८५६१९ | ११११७४० | ४७३८७९ | १० | ४७३८७ |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११४।२०८०।०३।२२ | नार गांउमा ढलान वाटो | २२१८७४६ | १५७७१५५।७७ | ६४१५९० | १० | ६४१५९ |
| १२४।२०८०।३।२३ | कोतो च्याखु सडक | ९५०४२९८ | ४६८३८६४ | ४८२०४३४ | १० | ४८२०४३ |
| १२३।०३।२३ | नाम्गे पर्यटन वाटो | ३१६९८९९ | २०२४७५५ | ११४५१४४ | १० | ११४५१४ |